नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ {५२०१२३, ५२०१२४, ५२०१२५}
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं :
पत्र संख्या : ०७८/०७९

मिति -२०७८/६/१७

## जिल्ला प्रशासन कार्यालय, पाल्पाको अपिल

नेपालीहरुको महान चाड विजया दशमी, दिपावली र छठ लगायतका अन्य पर्वहरु नजिकिदै आइरहेका छन् । एकातर्फ चाडपर्वहरु नजिक आइरहेका छन् भने अर्को तर्फ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड -१९ को संक्रमण केही घटेको भएपनि अझै पनि पूर्णरुपमा निर्मुल भएको छैन । यस्तो अवस्थामा हामीले हाम्रा परम्परागत धार्मिक, सांस्कृतिक चाडपर्व र मेलाहरु मनाउदा स्वास्थ सुरक्षा सम्बन्धी प्रोटोकलको पूर्ण रुपमा पालना गर्नुपर्ने वाध्यता रहेको छ । यस अवस्थामा हामी पाल्पावासी सम्पूर्ण वुवा, आमा, दाजुभाई, दिदिबहिनीहरु समक्ष निम्न विषयमा हार्दिक अपिल गर्दछौं ।

- अति आवश्यक काम नपरी घरबाहिर ननिस्कनु हुन ।
- निस्कनै परेमा भौतिक दुरी, मास्क र स्यानिटाइजरको अनिवार्य रुपमा प्रयोग गर्नुहुन ।
- सार्वजनिक सवारी साधनको प्रयोग गर्दा मास्क र स्यानिटाइजरको प्रयोग गर्नुहुन, सिट क्षमता भन्दा बढी यात्रुहरु यात्रा नगर्नु हुन ।
- चाडपर्वहरु मनाउदा सकेसम्म आफ्नो घर परिवारमा मात्रै सिमित रही न्यूनतम सहभागितामा मात्रै मनाउनु हुन ।
- चाडपर्वका समयमा कतै बढी भिडभाड हुने र कतै सुनसान हुने भएकोले चोरी, ठगी, लुटपाट जन्य गतिविधि हुनसक्ने भएकोले सचेत रहन तथा सजगता अपनाउनु हुन ।
- यात्रा गर्दा आधिकारिक टिकट काउन्टरवाट मात्र टिकट काटी तोकिएको भाडा मात्र तिरी यात्रा गर्नुहुन, सवारी साधनको छतमा यात्रा नगर्नु नगराउनु हुन ।
- स्थानीय रुपमा मनाइने 'सराइ' जस्ता जात्राहरु न्यूनतम सहभागिता तथा स्वास्थ सम्बन्धी प्रोटोकलको पूर्ण पालना गरेर मात्र मनाउनु हुन ।

अन्तमा, नेपालीहरुको महान चाड विजया दशमी, दिपावली तथा छठको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

२०७८/६/१८

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी